अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८३।०८।०४ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बारा, साविक मझरिया-६ हाल सुवर्ण गाउँपालिका, वडा नं. ६ स्थित श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय मझरिया, बारामा कार्यरत शिक्षक धर्मेन्द्र प्रसाद यादवले शिक्षण पेसामा प्रवेश गर्दा पेस गरेको निजको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज धर्मेन्द्र प्रसाद यादवले BIHAR SCHOOL EXAMINATION BOARD, Patna बाट जारी भएको देखिने इन्टरमिडिएट तह/आई.ए (IA) तहको झुट्टा तथा नक्कली शैक्षिक योग्यताका प्रमाणपत्रहरू पेस गरी अभिलेखमा राखी राष्ट्रसेवकको रूपमा प्राथमिक तहको शिक्षक पदमा कार्यरत रही पद, ओहदा, लाभ तथा सुविधा प्राप्त गरेको पुष्टि भएकोले निज धर्मेन्द्र प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने